## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | उल्लिखित आधार लिई विशेष अदालत काठमाण्डौबाट भएको फैसला देहायका आधार, कारणहरुबाट बदर भागी छ. |
|---|---|---|---|---|---|
| १ | बालेश्वर यादव, धनीलाल यादव, भोली यादव र विरेन्द्र प्रसाद यादवमु.नं (०८०-CR-०११३) फैसला मिति २०८१/०२/१३ | गैरकानूनी लाभ लिई दिई भ्रष्टाचार गरेको। | **आयोगको मागदावी**<br>• बालेश्वर यादवले तोकिएको सरकारी कामकाज नगरी विद्यालयलाई हानि पुर्‍याई जम्मा रू.१,३०,८४३।०२ तलव भत्ताको रुपमा गैरकानूनी लाभ लिएको देखिएकोले निजको उल्लेखित कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुर हुन गएको देखिएकोले निज उपर सोही ऐनको दफा ८ को उपदफा (३) अनुसार हदैसम्मको कैद तथा विगो बमोजिम जरिवाना हुन समेतको सजायको मागदाबी लिईएको दायर भएको देखिन्छ। साथै राष्ट्रिय माध्यामिक विद्यालय लौकही सुनसरीका तत्कालिन प्रधानाध्यापकहरु धनीलाल यादव (हाल अवकाश प्राप्त), भोलि यादव (हाल अवकाश प्राप्त) र विरेन्द्र प्रसाद यादवले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए अनुसार भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुरको प्रतिवादी बालेश्वर यादवलाई गैरकानूनी लाभ उपलब्ध गराउने प्रकृतिको मतियार भएको देखिएकोले निजहरु उपर | **अदालतको फैसला**<br>सम्पूर्ण प्रतिवादीहरुले आरोपदाबीबाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्राथमिक तहका राहत शिक्षक (स्थायी नभएको र दरबन्दी पनि नहुने) ले आफ्नो वृत्ति विकासका लागि विद्यालयको समय भन्दा अरु समयमा प्राज्ञिक अध्ययन गर्ने कार्यलाई | **क.** प्रतिवादी शिक्षक बालेश्वर यादव न्युरो हेल्थ कलेज विराटनगरमा अध्ययनरत रहँदाको अवधि मध्ये मिति २०७५ साल आश्विन देखि २०७६ साल फागुन सम्मको विद्यालय तथा गाउँपालिकाको कार्यालय समेतको फर्जी हाजिरी समेत गरी/गराई बालेश्वर यादवले तोकिएको सरकारी कामकाज नगरी विद्यालयलाई हानि पुर्या इ जम्मा रू.१,३०,८४३।०२ तलव भत्ताको रुपमा गैरकानूनी लाभ लिएको भन्ने प्रस्तुत मुद्दामा प्रतिवादी बालेश्वर यादवले प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परीषद (सिटीईभिटी) को वर्गिकृत छात्रवृत्ति अन्तर्गत जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १० स्थित न्यूरो हेल्थ कलेज विराटनगर-१० मोरङमा ३ बर्षे प्रमाणपत्र तह सामान्य चिकित्सा कार्यक्रममा शैक्षिक वर्ष २०७५/७६ मा भर्ना भई ३ वर्षके अध्ययन पुरा गरेको, निज अध्ययनरत रहँदा कलेजको सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यासका कक्षाहरुमा ८० प्रतिशत जति हाजिरी रहेको भन्ने न्युरो हेल्थ कलेज बिराटनगरको च.नं. १५५ मिति २०७९।०२।२० को पत्र जवाफबाट खुलेको देखिन्छ। उल्लेखित कलेज अध्ययन अवधि मिति २०७५ भाद्र देखि मिति २०७८ फागुण सम्मको निजको हाजिरी अभिलेखको प्रतिलिपीहरु झिकाई अनुसन्धान गर्दा बालेश्वर यादव न्युरो हेल्थ कलेज विराटनगरमा अध्ययनमा संलग्न रही सोही दिनहरुमा यता निजले पढाउने विद्यालय र गाउँपालिकामा समेत गरी जम्मा ९१ दिन दोहोरो (फर्जी हाजिर) हाजिर तथा गाउँपालिकाको कार्यालय र बिद्यालयमा समेत गरी जम्मा ४७ दिन हाजिरी खाली (गयल) रहेको भन्ने समेत प्रष्ट देखिएको अवस्थामा जम्मा यी प्रतिवादीहरुको मिलेमतोमा लिएको दिएको विद्यालयको अभिलेखको रुपमा रहेको हाजिरी किताव समेतका सार्वजनिक लिखत इत्यादीमा उल्लेख भएका कुरा प्रमाण ऐन, २०३१ को दफा १३ बमोजिम प्रमाणमा ग्रहण गरी सो अनुसार रू.१,३०,८४३।०२ तलब भत्ता लिए दिएको तथ्यलाई अनदेखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला बदरभागी छ।<br>**ख.** प्रतिवादी शिक्षक बालेश्वर यादव न्युरो हेल्थ कलेज विराटनगरमा अध्ययनरत रहँदाको अवधि मध्ये २०७५ साल आश्विन देखि २०७६ साल फागुनसम्मको विद्यालय तथा गाउँपालिकाको कार्यालय समेतको फर्जी हाजिरी दिन ३५ को रू.२९,९६७।६३ र गाउँपालिकाको कार्यालयमा काज कार्यरत रहदा हाजिर खाली भई गयल रहेको अवधि दिन ३७ को रू.३४,९३२।८१ समेत गरी जम्मा रू. ६४,९००।४४ निज तत्कालिन प्रधानाध्यापक धनीलाल यादवले निज प्रतिवादी बालेश्वर यादवलाई गैरकानुनी लाभ दिलाई भुक्तानी दिई विद्यालयलाई हानि पुर्यानएको देखिन्छ। शिक्षक भोली यादव कोशी गाउँपालिकाको ऐ.ऐ. च.नं. र मितिको पत्रानुसार मिति २०७७।१०।०४ देखि २०७८।०८।२६ सम्म राष्ट्रिय माध्यमिक विद्यालय लौकही सुनसरीको प्र.अ. पदको जिम्मेवारीमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रधानाध्यापक धनीलाल यादवलाई रू.६४,९००।४४ विगो, प्रधानाध्यापक भोली यादवलाई रू.३३,६१८।४२ विगो र प्रधानाध्यापक विरेन्द्र प्रसाद यादवलाई रू.३२,३२४।१६ विगो कायमगरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुरमा ऐ.ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्याशमा उल्लेख भए बमोजिम मूख्य कसुरदारलाई हुने सजाय बराबर कैद तथा विगो बमोजिम जरिवाना हुन। | स्वाभविक र सकारात्मक नै मान्नु पर्दछ।<br>• मुख्य कसूर नै स्थापित नभएको अवस्थामा सो कसूरको मतियारको कसूर स्थापित हुन सक्ने देखिएन | रहेकोमा शिक्षक बालेश्वर यादव न्युरो हेल्थ कलेज विराटनगरमा अध्ययनरत रहँदा उक्त अवधि मध्ये मिति२०७७ साल माघ देखि २०७८ साल कार्तिकसम्म प्र.अ.को हैसियतमा शिक्षक बालेश्वर यादवलाई विद्यालयमा दिन ३४ फर्जी हाजिरी मात्र गराई विद्यालयमा अध्यापन कार्य नगराइ विद्यालयलाई हानि पुर्या एको उक्त दिनको जम्मा रू.३३,६१८।४२ निज तत्कालिन प्रधानाध्यापक भोली यादवले निज प्रतिवादी बालेश्वर यादवलाई गैर कानूनी लाभ दिलाई तलब भत्ता दिलाएको पाइन्छ साथै शिक्षक वीरेन्द्र प्रसाद यादव कोशी गाउँपालिकाको ऐ.ऐ. च.नं. र मितिको पत्रानुसार मिति २०७८।०८।२६ देखि २०७९ साल माघसम्म राष्ट्रिय माध्यमिक विद्यालय लौकही सुनसरीको प्र.अ. पदको जिम्मेवारीमा रहेकोमा शिक्षक बालेश्वर यादव न्युरो हेल्थ कलेज विराटनगरमा अध्ययनरत रहँदा उक्त अवधि मध्ये मिति२०७८ साल मंसिर देखि २०७८ साल फागुन सम्मको प्र.अ.को हैसियतमा शिक्षक बालेश्वर यादवलाई विद्यालयमा दिन २२ फर्जी हाजिरी गराई रू.२२,२२२।८६ र विद्यालयमा २०७८ साल मंसीर महिनामा गयल रहेको अवधि दिन १० को रू.१०,१०१।३० समेत गरी जम्मा रू.३२,३२४।१६ निज तत्कालिन प्रधानाध्यापक तथा हालका शिक्षक प्रतिवादी विरेन्द्र प्रसाद यादवले निज प्रतिवादी बालेश्वर यादवलाई गैरकानूनी लाभ दिलाई भुक्तानी दिएको देखिदा देखिँदै प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला तथ्यको विश्लेषणको रोहमा त्रुटीपूर्ण छ।<br>**ग.** शिक्षक बालेश्वर यादवले अध्ययनका लागि कुनै पनि अनुमति तथा अध्ययन विदा लिएको भन्ने नदेखिएको साथै उक्त अध्ययन अवधिमा निज शिक्षकले आफूले पढाउने विद्यालय आफूखुसी छाडि विद्यालयमा पछि फर्जी हाजिर मात्र जनाई तथा गयल समेत रही विद्यालयको अध्यापन कार्य नगरी विद्यालयलाई हानि पुर्‍याइ तलब भत्ता लिएको र विद्यालयका सम्वन्धित प्रधानाध्यापकहरुले प्रचलित कानूनी व्यबस्था अनुसार निज शिक्षक उपर कुनै कार्बाही नगरी उल्टै निज शिक्षक बालेश्वर यादवलाई फर्जी हाजिरी समेत गराई गयल रहेको दिनको समेत गैर कानूनी लाभको रूपमा तलब भत्ता समेत दिलाएको भन्ने प्रष्ट देखिन आएको अवस्थामा राष्ट्रसेवक कर्मचारीले गरेको कसूरको न्यून मूल्याङ्कन गरी स्थायी नभएको र दरबन्दी पनि नहुने शिक्षकले आफ्नो वृत्ति विकासका लागि विद्यालयको समय भन्दा अरु समयमा प्राज्ञिक अध्ययन गर्ने कार्यलाई स्वाभविक र सकारात्मक नै मान्नु पर्ने भन्ने आत्मविश्लेषण युक्त आधार ग्रहण गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ।<br>अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, यी प्रतिवादीहरु बालेश्वर यादव, धनीलाल यादव, भोली यादव र विरेन्द्र प्रसाद यादवले आरोपदावी बमोजिमको कसूरवाट सफाई पाउने ठहर भई बिशेष अदालतबाट फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |